परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION

साप्ताहिक

वर्ष ९ | अंक २२ | २०७७ पौष १२ गते आईतवार | Sunday 27, DEC, 2020 | पृष्ठ: ६, | मूल्य रु. १०/-

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

## राष्ट्रिय जनगणनामा जाती, भाषा र पहिचान स्थापित गर्न एकताको आवश्यकता



विराटनगर, पौष १० गते । नेपाल सरकारले गर्न लागेको राष्टिय् जनगणना अभियान २०७८ मा आ-आफ्नो जाती, भाषा र पहिचानलाई स्थापति गर्न एकताको आवश्यकता भएको एक कार्यक्रमका वक्ताहरुले वताएका छन् ।

राष्ट्रिय जनगणना २०७८ अभियान नाम दिएर विराटनगरको रामजानकी मन्दिरमा भएको अन्तरक्रिया कार्यक्रममा करीब दुई दर्जन पिछडा वर्ग (ओविसी) मा पर्ने जातिय संघ संस्था, कानुन व्यवसायी, राजनीतिक दलका प्रतिनीधि, पत्रकार वक्ताहरुले एकताको आवश्यकता महसुश गर्दै प्रचार प्रसारमा जोड दिनु पर्ने भनाई राखेका थिए ।

राष्ट्रिय योजना आयोगले राष्ट्रिय जनगणनाका लागि स्वीकृत गरिएको प्रश्नावलीहरुका वारेमा बृहत अन्तरक्रियामा अधिवक्ता रामलाल सुतिहारले भने जनगणनामा जुन जाति, भाषा, लगातको उपस्थिति वढी हुन्छ सोही अनुसारको बजेट निर्माण लगातको कार्य राष्ट्रले गर्ने भएकोले अहिले सम्मको तथ्यांक मिथ्याक भएकोले २०७८ को जनगणनामा सत्य तथ्य रुपमा आ-आफ्नो भाषा, जाति र पहिचान उल्लेख गर्नुपर्ने सुझाव दिएका थिए ।

त्यसैगरी अधिवक्ता संजु साले जनगणना राष्ट्रको ऐना भएकोले अहिले सम्म खास गरी मधेशमा बसोवास गर्ने पिछडावर्गका जातजातिहरुको तथ्याक भद्रगोल भएको छ । त्यसैले अवको जनगणनामा पिछडावर्गका मानिसहरुले वोलिने मगही, अवधी र भोजपुरी जे वोल्छ त्यही उल्लेख गरी जाति र पहिचान स्पष्ट खुलाउनु पर्ने वताए ।

केवट, सुडी, बैश्य, बढई, यादव, सोनार, हजाम, हलुवाई, नुनियां, कुशवाह लगायतका जातिय संघ संगठनका प्रतिनिधीहरुले जनगणनाको लागि छनौट गरीएको प्रश्नहरुको वारेमा मन्तव्य राखेका थिए

उक्त राष्ट्रिय जनगणना २०७८ अभियान अन्तरक्रिया कार्यक्रमको संचालन तुलसी साहले गरेका थिए भने सो कार्यक्रम भाषा संस्कृति प्रतिष्ठानका केन्द्रिय अध्यक्ष जय प्रकाश महतोको अध्यक्षतामा सम्पन्न भएको थियो ।

## प्रतिनिधी सभा विघटन विरुद्ध देशभर प्रदर्शन

विराटनगर । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पुस १३ आईतवारका दिन प्रतिनिधि सभा विघटविरुद्ध देशैभर प्रदर्शन गर्न अपिल गरेका छन् ।

शनिवार अपिल जारी गर्दै सभापति देउवाले पार्टीको केन्द्रीय कार्यसमितिको बैठकले गरेको निर्णयअनुसार देशभका १६५ वटै निर्वाचन क्षेत्रमा प्रधानमन्त्री केपी शर्मा ओलीको कदमविरुद्ध प्रदर्शन गर्न आह्वान गरेका दिएको हो ।

प्रतिनिधिसभा विघटनको घटनाका पार्टीले असंवैधानिक र अलोकतान्त्रिक ठहर गरिसकेकोले त्यसविरुद्धको आन्दोलनमा सह भागिताका लागि सभापति देउवाले सबैलाई आग्रह गरेका छन् ।

उनले संविधानमा भएको

वांकी अन्तिम पेजमा...

## प्रदेश १ मा १३ संक्रमित थप

विराटनगर । प्रदेश १ मा १३ जना कोरोना संक्रमित थप भएको छ भने १३९ जना डिस्चार्ज भएका छन् । डिस्चार्ज हुने सवै होम आईसोलेसनका रहेका छन् । हालसम्म २६ हजार ८४९ जना संक्रमणमुक्त भएका छन् ।

संक्रमण थप भएका जिल्लाहरुमा झापामा ५, मोरंगमा ४, धनकुटामा ३ र सोलुखुम्वुमा १ जना रहेको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

झापाको विर्तामोडमा ५,

वांकी अन्तिम पेजमा...

## बाणिज्यको साधारण सभा स्थगित

विराटनगर । नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश नं. १ को पौष ११ गते हुने भनिएको साधारणसभा तथा निर्वाचन स्थगित भएको छ । उच्च अदालत विराटनगरले निषेधाज्ञायुक्त परमादेश जारी गरेपछि निर्वाचन स्थगित भएको हो ।

साधारणसभाबाट कार्यकारिणी समितिमा अध्यक्षसहित १३ जना चयन गर्ने कार्यक्रम थियो । तर अदालतको आदेशानुसार निर्वाचन स्थगित भएको हो । महासंघको सदस्यता सम्बन्धी विवाद नमिल्दा गर्ग प्रिन्टर्सले उच्च अदालत विराटनगरमा रिट दायर गरेको थियो । अदालतले निवेदकको पक्षमा अन्तरिम आदेश जारी गर्दै पौष १४ गतेको तारेख तोकी विपक्षीलाई छलफलका लागी बोलाएको छ । '

निर्वाचनको तयारी पूरा भएर पहाडी जिल्लाका प्रतिनिधि आईसकेपछि अदालतले महासंघका

वांकी अन्तिम पेजमा...

## सुरक्षित कृषि शुनिश्चित बचत मस्यौदा माथी छलफल

विराटनगर । प्रधानमंत्री कृषि आधुनिकीकरण परियोजनालाई थप प्रभावकारी वनाउन सरकारले ल्याएको सुरक्षित कृषि शुनिश्चित वचत मस्यौदा विषयमा आज विराटनगरमा सुझाव संकलन गरिएको छ ।

कार्यक्रममा परियोजनाले ल्याएको पाच वटा नितिगत योजनमा माथी छलफल भएको हो । प्रदेस स्तर कार्यक्रममा सहभागी प्रदेस न १ का १० जिल्लाका परियोजना इकाई कार्यालय प्रमुखहरुले सुझाव दिएका थिए । उहाहरुले नितिगत योजनामा किसानलाई उत्तपादनको आधारमा अनुदानको व्यवस्था, उन्नतजातको हाइव्रिड विउ उत्तपादन श्रोतकेन्द्रको स्थापना, प्रागांरिकमलको सहज व्यवस्था, किसान क्रेडिट कार्डको व्यवस्थालाई थप प्रभावकारी वनाउनुका साथै कृषि दक्षजनशक्तिको उत्तपादनमा जोड तथा पशुनस्ल सुधार, तथा कृषि तथा पशु विमालाई थप प्रभावकारी वनाउने तथा कृषकले उत्तपादन गरेको वस्तुको विक्रिकालागी सर्मथन मुल्यको सहज व्यवस्था गर्नुपर्ने विषयमा सुझाव दिएका थिए ।

कार्यक्रमा वोल्दै प्रधानमंत्री कृषि आधुनिकीकरण परियोजनाका निर्देशक वैकुण्ठ अधिकारीले १० वर्षे परियोजना अर्न्तगत मुलुकभर संचालित सो परियोजनाले विगत चारवर्षमा ३१ अर्व लगानी गर्ने लक्ष्य लिएकोमा १३ अर्व ३९ करोड रुपैया लगानी गरेको जानकारी गराएका थिए । परियोजना १० वर्षको अवधिमा १ खर्व ३० अर्व लगानीगर्ने र परियोजना अवधिभर विभिन्न वालीवाट ६६ लाख मेट्रिकटन उत्तपादनगर्ने तथा ४ लाख ७१ हजार हेक्टर क्षेत्रफल विस्तारगर्ने परियोजनाको लक्ष्य रहेको उहाको भनाई थियो ।

प्रदेस न १ पशुपक्षी तथा मत्यस विकास निर्देशक लेखराज दाहालले नया प्रयोग गर्ने भन्दापनि किसानलाई लाभान्वित हुने खालका योजना आवश्यक रहेकोमा जोड दिनुभयो । भुमिव्यवस्था तथा कृषि सहकारी मंत्रालयका परियोजना प्रमुख पशुपती पोखरेलले किसानको घरघरमा पुगेर प्राविधिक सेवा पुर्याएर उत्तपादन

वांकी अन्तिम पेजमा...

क्वारेन्टिन कार्यालय मोरंगको सूचना

विरूवा तथा विरूवा जन्यउपजहरूको निकासी पैठारी र ओसार पसार गर्दा सत्रु जीवको प्रवेश हुन सक्ने भएकोले विरूवा संरक्षण ऐन २०६४ तथा विरूवा संरक्षण नियमावली २०६६ अनुसार त्यस्ता विरूवाहरू तथा विरूवा जन्य उपजहरूको अनिवार्य क्वरेन्टिन जाँच गराई ओसार पसार गर्नुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।

क्वारेन्टिन कार्यालय मोरंग

SUKRATARA FURNITURE UDYOG

BIRATNAGAR

9842033365
9805391277

Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
पू.क्षे.हु.नि.मोरंग द.नं. ०१/०७३/७४

## सुरक्षित...

वढाउनुपर्ने बताए ।

मोरङका परियोजना इकाई प्रमुख विनोद कुमार मण्डलले माछा जोन तथा धान जोन कार्यक्रम मोरङ प्रभावकारी भएको भन्दै पांच बुदे. कार्यनितिले परियोजनालाई अघि वढाउन थप मद्त पुग्ने वताए ।

सोही कार्यक्रममा परियोजनाका वरिष्ठ अधिकृत दिवसराज विष्ठले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कृषि मंत्रालयले सुरक्षित कृषि सुनिश्चित वचत सम्वन्धमा पाच बुदे नितिगत अवधारणा ल्याउन लागेको छ ।

## प्रदेश १...

मोरंगको कानेपोखरीमा ३, बुडीगंगामा १, धनकुटाको धनकुटा नगरपालिका र सोलुखुम्बुमा १ जनामा संक्रमण देखिएको हो ।

हालसम्म संक्रमित हुनेको संख्या २९ हजार ६२७ पुगेको छ । प्रदेश १ मा १६९ जनाको पीसीआर परीक्षण गरिएको छ । परीक्षण गरिएका मध्ये ८ महिला र ५ पुरुषको रिपोर्ट पोजेटिभ आएको हो । हालसम्म २ लाख ६ हजार ८९३ जनाको पीसीआर परीक्षण गरिएको मन्त्रालयले जनाएको छ ।

## बाणिज्य...

नाममा शुक्रवार निषेधाज्ञायुक्त पर मादेश जारी गरेसँगै निर्वाचन स्थगित भएको हो ।अदालतका न्यायाधीश राजनप्रसाद भट्टराईको इजलासले शुक्रबार जारी गरेको पर मादेशका कारण भोली हुने महासंघ प्रदेश नम्बर १ को नेतृत्वका लागि हुने निर्वाचन स्थगित गरिएको छ ।

महासंघको प्रदेश नम्बर १ का अध्यक्ष नरेन्द्र खड्काले अदालतको आदेशका कारण पूर्वघोषित साधार णसभा र निर्वाचनका सबै कार्यक्रम हाललाई स्थगित गरिएको बताए ।

## प्रतिनिधी...

व्यवस्था प्रतिकुल, जनभावना विपरीतको कार्यविरुद्ध नेपाली कांग्रेस सम्पूर्णरुपले एकमतका साथ उभिएको समेत प्रष्ट्याएका छन् । पार्टी निर्णअनुसार कांग्रेसको ध्यान प्रदर्शनमा रहेको देउवाले बताएका छन् ।

# भारतीय नक्कली नोट सहित २ पक्राउ



विराटनगर । पौष ११ गते । मोरङको रंगेली नगरपालिका वडा नं. ८ दवैंसा स्थितबाट दुई जना भारतिय नागरिक १७हजार ७ सय रुपैया भारतिय नक्कली नोट सहित पक्राउ परेका छन ।

पक्राउ पर्नेमा भारतको बौका चोप्राह बस्ने ३० बर्षीय कुन्दन मण्डल र १८ बर्षीय शिवरन्जन सिंह रहेका छन ।

बी आर ३८ नं. ०२५१ नम्बरको मोटरसाईकलमा सवार गरी आएका मण्डल र सिंहलाइ ईलाका प्रहरी कार्यालय रंगेलीबाट गस्तीमा खटिएको प्रहरी टोलीले नियन्त्रणमा लिएको थियो ।

नियन्त्रण पश्चात उनिहरु उपर चेकजाँच गर्दा भारतिय नक्कली नोट २ सय दरको १७ थान र १ सय दरको १ सय ४३ थान फेला पारी बरामद गरिएको ईलाका प्रहरी कार्यालय रंगेलीले जनाएको छ ।

नक्कली भारतिय रुपैया सहित पक्राउ परेका उनिहरु उपर थप अनुसन्धान तथा कानुनी कारबाही अगाडी बढाईएको ईलाका प्रहरी कार्यालय रंगेलीले जनाएको छ ।

# सहयोगापेक्षी सडक आश्रित मानवहरूको उद्धार

विराटनगर । प्रदेश १ को तीन जिल्लाबाट २ सय ५३ जना सहयोगापेक्षी सडकआश्रित मानवहरुको उद्धार गरिएको छ ।

सामाजिक विकास मन्त्रालयको संयोजन तथा स्थानीय तह तथा मानव सेवा आश्रमसँगको सहकार्यमा उद्धार गरिएको हो ।

झापा, मोरङ र सुनसरीमा सहयोगापेक्षी सडकआश्रित मानवहरु अब सडकमा नदेखिने सामाजिक विकास मन्त्री जीवन घिमिरेको भनाईछ । सडक मानवको उद्धारकार्य जटिल भएको छ ।

प्रदेश सरकारले आगामी बैशाख भित्रमा सहयोगापेक्षी सडकआश्रित मानवहरुको उद्धार गरिसकिने छ । प्रदेश सरकारले मानव सेवा आश्रम, स्थानीय तहसँगको सहकार्यमा उद्धार कार्य निरन्तर रुपमा गर्दै आएको छ ।

विराटनगर महानगरपालिका प्रमुख भीम पराजुलीले मानव सेवा आश्रमको अभियानका कारण सडक आश्रितहरुको व्यवस्थापनमा सहज भएको बताउनुभयो । मानव सेवा आश्रमका अध्यक्ष रामजी अधिकारीले मेचीबाट शुरु भएको अभियान महाकालीमा माघ ७ गते सम्पन्न हुने बताउनुभयो । उहाँले आगामी २०८२ भित्रमा नेपाललाई शारीरिक तथा मानसिक रुपमा अस्वस्थ भई खुला आकाशमुनी रात बिताउन विवश घरबार विहिन, बेसहारा, असहाय तथा जीवन नै जोखिममा रहेका सहयोगापेक्षी सडक आश्रित मानवहरु रहित राष्ट्र नेपाल निर्माण गरिने बताए ।

बेलबारी नगरपालिकाकी उपप्रमुख ढाकाकुमारी पराजुलीले सडकमा बेसहारा, असहायहरु अबदेखि नहुने प्रतिबद्धता व्यक्त गर्नुभयो । मानव सेवा आश्रमले पुस ७ गतेदेखि शुरु भएको मेची-महाकाली अभियान अन्तर्गत झापाबाट ७६, सुनसरीबाट १ सय ११ र मोरंगबाट ६६ जनाको उद्धार गरिएको सामाजिक विकास मन्त्रालय, सामाजिक महाशाखा प्रमुख दुर्गा भण्डारी बरालले जानकारी दिनुभयो । उद्धार गरिएका मध्ये १९ जना बालबालिका र १ जना अपाङ्गता भएका व्यक्ति छन् ।


**विराटनगर महानगरपालिको अपिल**

१. नोभेल कोरोना (कोभिड-१९) संक्रमण, नियन्त्रण र रोकथामको लागि यस महानगरपालिका क्षेत्र भित्र संचालनमा रहेको सबै पसल, उदोग तथा व्यवसायीहरुले सेवा लिन आउने आगन्तुकहरुका लागि साबुन पानी वा सेनिटाईजर ले हात धुने व्यवस्था मिलाउनु पर्ने ।

२. नोभेल कोरोना (कोभिड-१९) भाइरस विरुद्ध सामाजिक संघ संस्थाहरुले गरेको र गर्ने कामको बारेमा महानगरपालिकालाई जानकारी गराई नदोहोरीन र प्रगति अभिलेख एकद्वार प्रणालीको व्यवस्थपन कांमा सहयोग गर्ने ।

३. महानगरपालिका अन्तर्गत संचालन हुने साप्ताहिक हाटबजारहरु अर्को सूचना नभएसम्म का लागि स्थगित (वन्द) गर्ने ।

थप जानकारीको लागि ९८४२०२३६७९, ९८५२०३२८१८, ९८४४०९९३७०



**सूचना सूचना सूचना**

सडक क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौं । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

सडक डिभिजन विराटनगर, प्रदेश नं. १



**तीनै तहका सरकार जिम्मेवार :**

**अन्त्य गरौं लैगिक हिंसा र दुर्व्यवहार**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा प्रसारण विभाग



**अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल**

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, painless प्रसुती सेवा, Emergency सेवा नया एंव अध्याधिक भरपर्दो (ICU/MICU,NICU) तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौं ।

**हाम्रो सेवाहरु :-**

- ★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
- ★ रोग सम्बन्धी (PICU,NICU With Ventilator) सेवा
- ★ जनरल फिजिसियन सेवा
- ★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्बन्धी सम्पूर्ण सेवा
- ★ Minor & Major surgery सेवा
- ★ Laparoscopic surgery (दुरवीन द्वारा अप्रेशन) सेवा
- ★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
- ★ 24 Hours Emergency सेवा
- ★ विशेष डाक्टरहरु द्वारा ओ.पि.डी. सेवा
- ★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
- ★ इनफर्टिलिटी क्लिनिक सेवा
- ★ X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क नं. ०२१- ५३६९४१





क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशकःश्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउटःविजय कु.मण्डल मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

## सम्पादकीय

# सडक आन्दोलनले कोरोनाको खतरा

नेपालको राजनीतिमा प्रधान मन्त्री केपी शर्मा ओलीले प्रतिनिधी सभा विघटन गरेपछि सत्तापक्ष नेपाल कम्युनिष्ट पार्टी (नेकपा) के एक घटक र प्रतिपक्षी नेपाली कांग्रेस, जनता समाजवादी पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी लगायत संघ संस्थाहरुले सडक तताउन थालेका छन् । प्रतिनिधी सभा विघटनको मुद्दा सर्वोच्च अदालतमा अहिले विचाराधिकन रहेको अवस्था छ । संसद विघटन पछि कतिपय राजनितीक दलले संसद विघटन कु भएको आरोप लगाउँदै विघटनलाई सच्याउन माग गरेका छन् भने कतिपय पार्टीहरुले चुनावी झल्को दिने गरी आमसभाहरु गर्दै आएको छ । मुलुक भरी कोरोनाको तथ्यांक कम देखाएपनि कोरोनाले भित्र भित्रै भुसको आगो जस्तो फैलिन सडक आन्दोलनले थप बल पुग्ने भएको छ । पार्टीका कार्यकताहरुले जनताको घर-घरमा गएर कोरोनावाट समाजिक दुरी कायम गर्न र मास्क लगाउन सिकाई रहेका थिए सोही कार्यकताहरुले कोरोनाको प्रवाह नगरी सडकमा भीडलगाउने मास्कपनि नलगाउनाले कोरोनाको जोखिम बढ्ने देखिन्छ ।

कोरोनाको जोखिम केही कम भएको हो कि भन्ने आभास भइरहेको छ। तर पूर्णतया नियन्त्रण कहिले हुन्छ भन्ने पाटो अनुमानमै सीमित छ । दुईपटकसम्म लकडाउन गर्दासमेत नियन्त्रण गर्न नसकेकै कारण बाध्य भएर सरकारले सबै प्रकारका गतिविधि गर्न छुट दिएको हो । तर यसको अर्थ कुनै पनि प्रकारको स्वास्थ्य मापदण्ड अपनाउनु पर्दैन, खुलमखुला भीडभाड हुने गरी कार्यक्रम सञ्चालन गर्न पाइन्छ भन्ने होइन । व्यक्तिगत सुरक्षाको ख्याल गरेर मात्रै कार्यक्रममा सरिक हुन सरकारले बारम्बार अनुरोध गरिरहेको छ । सरकारी अनुरोधको बेवास्था गर्दै हुने गरिएको गतिविधिले कोरोनाको अर्को जोखिम निम्त्याउने हो कि भन्नेप्रति आम नेपाली जनता चिन्तित देएिको छ ।

जनस्वाथ्य संग खेलवाड गरेर सडकमा राजनीतिक दलहरुले गरेको प्रदर्शन गर्नु सरासर गलत प्रवृति हो भने ओली सरकारले गरे कु पनि गैरसंवैधानिक भएकोले यी दवै पक्षले जनतालाई सर्वोपरी राखी दुवैले वेलामा सचिन जरुरी छ अन्यथा कुसी र सत्ताको लोभमा सर्वसाधारण नेपाली जनतालाई बलिको बकरा बनाई रहेको वेला नेपाली जनताले पनि यो कुरा बुझ्न जरुरी छ अन्यथा चीनको कोरोना भाईरसले त देशलाई तहस नहस गरेकै छ । अव आउने वेलायतको कोरोनाले नेपाल जस्तो विकाससन्मुख देशलाई कति पछाडी धकेलिन्छ त्यसको अनुमान पनि गर्न सकिन्न । त्यसैले वेलामा सत्तापक्ष प्रतिपक्षी दल र नागरिक समाजले कोरोनाको कहरवाट बच्नु छ भने सडक संघर्ष र ओलीको कु लाई रोक्न जरुरी छ अन्यथा कारानाको कहरको खतरा नेपाली जनताका काधमा आउनेछ जसलाई कसैले पनि समाल्न सक्दैन ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ । भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ । भने वाद विवादमा विजय मिल्ने योग रहेको छ । पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# मूलुक अनिश्चयको भूमरीमा

**कुलचन्द्र वाग्ले**

संसद्मा झन्डै दुईतिहाइ बहुमत लिएर सरकारमा बसेको नेपाल कम्युनिस्ट पार्टी(नेकपा) विभाजनको अन्तिम विन्दुसम्म पुगेको छ । नेकपाका दुई अध्यक्ष बेग्लाबेग्लै धुरीमा बाँडिएका छन् । आन्तरिक लामो रस्साकस्सीमा टिक्न वा मिलाउन नसकेर नेकपा अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभा विघटन गरिदिए । उनी 'कथित' चुनावी प्रचारमा शक्ति लगाइरहेका र आफ्नो कदमको बचाउमा तर्क कुतर्क गरिरहेका छन् । नेकपाकै अर्का अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री केपी ओलीको प्रयत्नलाई परास्त गर्न प्रतिरोधका कदम चाल्दैछन् ।

लोकतान्त्रिक जनमतबाट सरकारको नेतृत्वमा आसीन केपी ओलीको असीम सत्ता महत्त्वाकांक्षाको परिणाम मुलुकको लोकतान्त्रिक राजनीतिको भाग्य भरोसा अदालतको आँगनमा आश्रित भएको प्रत्यक्ष छ । ओलीद्वारा विघटित प्रतिनिधिसभा ब्युँत्याइने कि अवसानमा पाने अनिश्चित छ । त्यस्तै नेकपा भागबन्डामा ओली वा दाहाल कुन समूहमा कसको भागमा पर्छ ? डाडुपन्यु समाएको निर्वाचन आयोगको हातमा पुगेको छ । अदालत र आयोगको अन्तिम फैसलापछि नेकपाको अस्तित्व विभाजनले कानुनी वैधता पाउनेछ ।

दलीय प्रणालीमा दल विभाजन लाई सकारात्मक मानिदैन तर दल विभाजनको अवसर पनि दलीय प्रणालीले नै दिएको हुन्छ। अन्य प्रणालीमा यस्तो कल्पना गर्ने ठाउँ नै हुँदैन । विभाजन दलीय प्रणालीको लागि सुखद होइन र पनि दलहरुमा सानो, ठूलो विभाजन परम्पराजस्तै बनेको छ । विभाजन सधैं खराब नै हुन्छ भन्ने पनि छैन । कारण जे दिएर पनि हुने विभाजनलाई सकभर रोक्न वर्तमान संविधानमा दलको केन्द्रीय समिति र संसदीय दल दुवैतर्फ कमसेकम चालीस प्रतिशत सदस्य हुनुपर्ने प्रावधान राखिएको हो । यो प्रावधान दलीय संरचनाको स्थायित्वको पक्षमा देखिन्छ ।

प्रतिनिधिसभा संसद् विघटन नै हुनेगरी अदालती फैसला आयो भने समिति र दल दुवैतर्फको उक्त प्रतिशत अनिवार्य हुने देखिँदैन । यस कारण अदालतको फैसलाअघि निर्वाचन आयोगले नेकपा विभाजनको प्रमाणपत्र देला भन्न पनि सकिँदैन । किनभने संसद् विघटन वा पुनःस्थापना जे फैसला होला त्यसले संविधानको उक्त प्रावधानलाई असर गर्नेछ ।

अदालत र आयोगको अन्तिम फैसलाअघि नेकपा विभाजन राजनीतिक तहमा मात्र रहने र कानुनी आधिकारिकताका लागि पर्खनु पर्नेछ । त्यसो त यतिबेला कानुनी मार्गमा नै हिँडिन्छ भन्ने विश्वासिलो दृश्य छैन । प्रधानमन्त्री ओलीले विभाजनलाई सहज बनाउने अर्को अध्यादेश ल्याएर राष्ट्रपतिबाट लालमोहर लगाउन पनि सक्नेछन् ।

कानुनी प्रक्रिया व्याख्या गर्नेहरु कार्यकारी पक्षसँग लहसिएको वा तटस्थ फैसला गर्ने हैसियतमै रहेको परिदृश्य केही दिनमै बाहिर आउला । सुनिन्छ, कानुन हेर्नेहरु नै कार्यकारीसँग भागबन्डामा लागेको प्रतिविम्ब फैसलामा आउला कि ? जे आउला तर अहिले फुटको विन्दुमा पुगेको नेकपाको राजनीतिक विभाजन करिब पूरा भएको छ ।

अध्यक्ष दाहाल समूहले केन्द्रीय समिति र संसदीय दलको अत्यधिक मतले प्रधानमन्त्री ओलीलाई पार्टी अध्यक्षसमेत दलको नेताबाट पनि निष्कासन गरिसकेको पत्र आयोगमा बुझाएको छ । अध्यक्ष ओली समूह सत्ताको सुविधामा साम, दाम, दण्ड, भेद सबै उपाय प्रयोग गरेर नेकपा हत्याउने कि नेकपा (एमाले) जगाउने भन्ने दोबाटोमा छ ।

तीन वर्षअघि नेकपाका दुई घटक माओवादी केन्द्र र एमालेको अवसान गरी जन्माइएको सिद्धान्तहीन गठजोडलाई एकताको नेकपा भनिएको थियो । नेकपाको आश्चर्यजनक घोषणासँगै विभाजनको नियति पनि निहित थियो । कारण सिद्धान्तहीन र सत्ता स्वार्थ प्रेरित गठजोड थियो नेकपा । स्वार्थ प्रेरणाले नै दुई अध्यक्ष बनाइएको हो । सिद्धान्त तीलाञ्जली दिएर भागबण्डामा बनाइएका र भिन्न सोचबाट आएका दुई अध्यक्षबीच हिस्सेदारी तलमाथि पर्नेबित्तिकै घर्षण स्वाभाविक र अन्ततः विभाजनको तहमा पुग्नु अन्यथा होइन । दाहाल समूहमा बनाइएको पुनः दुई अध्यक्ष (माधव नेपाल) को नेकपाको नियति पनि पर्ख र हेरमा छ ।

नेकपा विभाजन हुनैपर्ने थियो । अधिनायकवादी एकाधिकार कायम गरेको कम्युनिस्ट सत्ता दमनको साहाराले मात्र दुनियाँमा टिकेको देखिन्छ । प्रतिस्पर्धी समाजमा एकाधिकारवादी सोच टिक्न सक्दैन र परिणाम कम्युनिस्टहरु जहाँतहीँ विभाजित, असफल र कमजोर भएको नै पाइन्छ । प्रतिस्पर्धात्मक लोकतान्त्रिक नेपालमा पनि यही सूत्र लागू हुनु स्वाभाविक हो । प्रतिस्पर्धी दुनियाँको यस्तो उदाहरणको अपवाद नेपाल कम्युनिस्ट पार्टी बन्ने सम्भावना नै थिएन ।

यसर्थ नेकपा विभाजन स्वाभाविक हो तर प्रधानमन्त्री केपी ओलीले लोकतान्त्रिक प्रणाली नै भत्काउने गरी चालेको कदम भने कम्युनिस्ट 'स्कुलिङ'को एकाधिकार वादी धङधडी नै हो । उनले लोकतन्त्रका लागि चौध वर्ष जेल बसेको दाबा कति नक्कली रह्यो भन्ने तथ्य आखिर कम्युनिस्ट अधिनायकवादी प्रयत्नमा अहिले प्रकट भएरै छाड्यो ।

संसद् विघटनसँगै उनले गरेको निर्वाचन घोषणा निर्वाचन गराउनकै लागि होला त ? अहिले उनी जनमत परीक्षण लोकतन्त्रको सुन्दर पक्ष रहेको बयान दिएर विघटन र चुनाव घोषणालाई वैध ठहर्याउने लोकतन्त्र वादी जामा पहिरिँदै छन् । चौध वर्षे जेल बसाइको कथालाई लोकतन्त्रकै पर्यायजस्तो बताउने उनको अहिलेको जनमतको दुहाइ पनि हुनसक्छ ? सबै निश्चित भए हुन्छ, ओलीले आफ्नो प्रतिकूल हुने देखेमा निर्वाचन गराउने छैनन् । अरु बखेडा र अराजकता उत्पन्न गरेर पनि उनी कुर्चीमा टाँसिने छन् । उनको लोकतन्त्र त्यही हो । जनमत र लोकतन्त्रको हेक्का राख्थे भने त कम्युनिस्ट ओली असंवैधानिक निर्णय लिन हच्किने थिए नि !

जनप्रतिनिधिसभाको अस्तित्वमा खड्ग प्रहार गरेका नेकपा अध्यक्ष ओलीले यात्राको अन्तिम गन्तव्य संविधानको अवसानसम्म पुर्याउने छन् । चुनावी घोषणा उनको उद्देश्यमा पुग्ने बिसौनीमात्र हो, गन्तव्य होइन । गराउने त यो संविधानको समाप्ति नै हो । हेर्दै जाऊँ । गए साताकै बिहीवार पनि यस्तै पंक्तिमा नेकपा अध्यक्ष, प्रधानमन्त्री ओलीले संसद् विघटन गर्ने कुरा मैले लेखेको हुँ । संविधानमा दबाब बढेको दोहोर्याई, तेहेर्याई लेख्दैगर्दा अब थिचिने, मिचिने र अन्ततः च्यातिने अवस्थामा पुगे, पुर्याइएको छ संविधानलाई । सात दशकको अवधिमा आठौं संविधानको अभ्यास गर्नुपरे दुनियाँलाई आश्चर्य होला, हामीलाई अनौठो हुनेछैन ।

प्रधानमन्त्री ओलीले राज्ययन्त्र लाई आफ्नो स्वार्थमा वैध, अवैध प्रयोग सुरुदेखि नै गर्दै आएका हुन् र संविधानको रक्षक मानिने राष्ट्रपतिलाई पनि सांसद्को शपथ नलिएकै अवस्थामा आफूलाई प्रधानमन्त्रीको शपथ दिलाउन सुरुमै बाध्य पारेका थिए । कानून, विधेयक र मन्तव्य सबै एकाधिकार कायम गर्ने उद्देश्यका थिए उनका ।

निश्चित छ, केपीको उपस्थिति प्रधानमन्त्रीमा रहँदासम्म घोषित मितिमा चुनाव हुनेछैन । किनभने केपी ओलीको अबको राजनीति पराश्रित भएको छ । उनले आफूले पाएको जनमतको आधारलाई आफैँले लत्याएका छन्, भत्काएका छन् । हुँदाछँदाको जनमतको भरोसालाई लत्याउने ओलीले पुनः जनमतको दुहाइ दिनु जति अमिल्दो छ त्यति नै उनको राजनीति पराधीन भएको छ । उनले आफ्नो सत्ता इच्छा बचाइराख्न अरुको इच्छासँग सम्झौता र भरोसा गर्नुपर्ने भएको छ । यो अवस्था संविधान र राष्ट्रका लागि घातक परिणाम ल्याउन 'अभिशप्त' बनाए उनले ।

प्रधानमन्त्री ओली सम्पोषित बाहेक सम्पूर्ण जनमत उनको निर्णयविरुद्ध मुखर छ । संविधान विद्हरुको ठूलो पंक्ति प्रतिनिधिसभा विघटन संविधानविपरीत भएकोमा एकमत छन् । सबैले अवैध भनेको प्रधानमन्त्रीको कदमको पक्षमा कुनै पनि स्वतन्त्र र विवेक भएको व्यक्ति वा समूह लाग्ने सम्भावना देखिँदैन । राष्ट्र र लोकतन्त्रभन्दा पनि राजनीतिक स्वार्थ प्रेरित केही समूह ओलीले सल्काएको आगोमा रोटी सेक्ने दाउमा यहाँ होलान् । सामरिक मतलब हेर्ने वाह्य शक्तिको पनि आफ्नै दाउ होला । सबैलाई खेल्ने मौका नेकपाले दिएको छ र राष्ट्रलाई घायल बनाउने खड्ग उज्याइएको छ ।

संविधानलाई समाप्त गर्ने प्रायोजित घटनाको पार्श्व पात्रमध्ये एकजना उद्भटको कसैले यहाँ चर्चा

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# पांचलाख भन्दा वढीको सुर्तिजन्य पदार्थ बरामद



सुनसरी, पौष १० गते । भारतबाट चोरी पैठारी गरी ल्याएको करिव ५ लाख रुपैया भन्दा बढीको सुर्तीजन्य पदार्थ बरामद गरिएको छ ।

विशेष सुराकका आधारमा ईलाका प्रहरी कार्यालय ईटहरीबाट गस्तीमा खटिएको प्रहरी टोलीले ईटहरी उपमहानगरपालिका वडा नं. ५ कलङकी एरियाबाट को १ ख ६८९० नम्बरको मिनी ट्रक नियन्त्रणमा लिएको थियो ।

मिनी ट्रक नियन्त्रणमा लिई चेकजाँच गर्दा ट्रक भित्र लुकाई छिपाई राखिएको अवस्थामा ३३ बोरा सुर्तीजन्य पदार्थ र ३६ बोरा सैनिक लेखिएको तयारी खैनी फेला पारी बरामद गरिएको ईलाका प्रहरी कार्यालय ईटहरीले जनाएको छ ।

साथै बरामद गरिएको सुर्तीजन्य पदार्थका धनि कोशी गाउँपालिका वडा नं. ५ का ३६ बर्षीय कैसर आलमलाई नियन्त्रणमा लिईएको छ भनि ट्रक चालक मोरङ सुन्दर हरैचाका २३ बर्षीय सैयद आलम र ओसारपसारमा संलग्न कोशी गाउँपालिका वडा नं. ५ का ३३ बर्षीय महबुव आलम र ३४ बर्षीय सम्पतलाल कामत समेतलाई नियन्त्रणमा लिईएको उक्त कार्यालयले जनाएको छ ।

बरामद गरिएको सुर्तीजन्य पदार्थको बजार मुल्य ५ लाख १६ हजार रुपैया कायम गरी ट्रक र पक्राउ परेका मानिस समेतलाइ आवश्यक कारबाहीको लागी लागी श्री सेतुबन्ध भन्सार कार्यालय कोशी ब्यारेजमा बुझाईएको छ ।

# राजनीतिक धरातलमा व्यापक असन्तुष्टता

उपेन्द्र झा

नेकपाका अध्यक्ष केपी शर्मा ओलीको बलियो सरकार नेपालको राजनीतिमा निकम्मा, कमजोर, स्वेच्छाचारी र कलंकित सरकारको रुपमा दर्ज भएको छ । सत्तापक्षको पार्टी, प्रतिपक्षी पार्टी, अन्य र ाजनीतिक दलहरुलगायत जनता समेत असन्तुष्ट भएको अवस्थामा यो सरकार केको लागि भन्ने प्रश्न चौतर्फी उठेका छन् । कम्युनिष्ट सभ्य, सुसंस्कृत, संगठित, अनुशासित र न्याय सम्पादन गर्न उदाहरणीय व्यक्तित्वको रुपमा चिनिए पनि नेपाली संस्करणको विकृत रुप हेरेर सबैको शिर लाजले झुकेको छ । हुनत नेपाली राजनीतिमा नैतिकता, इमान्दारी, आदर्शको कहीं ठाउँ नभएकोले शासनको जतिसुकै विकृत रुप प्रदर्शन हुँदा पनि क्षम्य रहने कुरा सत्तापक्ष र प्रतिपक्ष सबैले बुझेका छन् ।

सत्तामा आएपछि जनताको समस्यालाई सम्बोधन गर्न सदैव तत्पर रहनु पर्ने, कर्त्तव्य बोधका साथ कुशलता देखाउनु पर्नेको सट्टा आफ्नै पार्टीका सहकर्मीसँग अनावश्यक र नियमविपरीतको झगडालाई जीवन मरणको विषय बनाएर सरकारको सबै काम कारवाहीलाई ठप्प पार्नुको अर्थहीन क्रियाकलापलाई प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो पराक्रम सम्झेर बसेको छ । जनताको दैनन्दिनी अवरुद्ध पारेर जनतालाई आन्दोलित पार्नुको अर्थ के ?

राजनीतिक गतिरोध ल्याएर प्रणालीलाई नै अवरुद्ध गरि नेकपाभित्र न सैद्धान्तिक लडाई देखिएको हो न देश र जनताको विकासको लागि गरिएको लडाई हो । देखिन्छ भने पारस्परिक स्वार्थको अन्तहीन भिडन्त । पाको उमेरमा त असभ्य पनि अनुभवको आधारमा सभ्य भएर समाजमा उदाहरण बन्छ । यो कस्तो कम्युनिष्ट हो जसले ७१ वर्षसम्म पनि सभ्य, अनुशासित, प्रेरणादायी तथा समाजलाई सही दिशानिर्देश गर्न सिकेन । नेकपाको व्यवहारले सिङ्गै पार्टीमाथि आशंकाको प्रश्न खडा भएको छ । यसमा यो सही र त्यो गलतभन्दा पनि जनतालाई ठग्ने पार्टीको रुपमा चित्रित भइरहेको स्पष्ट छ ।

ट्रान्सपेरेन्सी इन्टरनेशनलले सरकार प्रमुख नै भ्रष्टाचारका मूल कारक तत्व हो भनेर अहिले प्रतिवेदन सार्वजनिक गरेर सचेत गर्न खोजेको हो । तर प्रधानमन्त्री ओलीले सरकारलाई बदनाम गर्न ट्रान्सपेरेन्सी इन्टरनेशनले पूर्वाग्रही भएर प्रतिवेदन सार्वजनिक गरेको भन्ने आरोप लगाएको छ । देशमा चर मचुलीमा रहेको भ्रष्टाचारलाई ओलीले स्वीकार गर्ने पक्षमा देखिन्न । भ्रष्टाचारबारे त प्रबुद्धवर्गहरुले लेखमार्फत सरकारलाई धेरै पहिलादेखि सचेत गर्दै आइरहेका थिए । भ्रष्टाचारले शासन प्रणालीलाई नै पंगु बनाएको, जनताबाट सरकार लाई अलग गराएको कुरा के साँचो होइन ? जुन कारणबाट सरकार आफै बदनाम भइरहेको छ, त्यस्तो कार णलाई नजरअन्दाज गर्न मिल्छ ? यदि यसो हो भने ट्रान्सपेरेन्सी इन्टर नेशनलले लगाएको आरोप मिथ्या कसरी हुन सक्छ ?

देशमा चरमचुलीमा रहेको भ्रष्टाचार, बलात्कार, हत्याहिंसा, एसिड आक्रमण, महँगाई, भोकमर ी तथा कोरोना महामारीबाट आक्रान्त नेपाली जनताको समस्यालाई सम्बोधन गर्नुको सट्टा विरोधमा रहेका सहकर्मीसँग बदला लिन अनेक धम्की स्वरमा अभद्र अभिव्यक्ति दिएर आत्म समर्पण गर ाउने दाँवपेचमा लागेर देशप्रतिको दायित्वबाट पन्छेर केपी शर्मा ओलीले आर्जन गरेको प्रतिष्ठा गुमाइसकेको छ । आफू शिखरमा पुग्ने प्रयासहरुको सफलताबाट आर्जित प्रतिष्ठा देशको लागि काम नलाग्ने सिद्ध भएपछि ओलीको विगतको कथित पराक्रम धुल धुर सित भएको छ । राज्यसत्तालाई कब्जा गरेर बसेको विभिन्न क्षेत्रका माफियाहरुलाई परास्त गरी स्वच्छ राज्यसत्ताबाट न्याय सम्पादन गर्ने नेकपाको वैज्ञानिक दृष्टिकोणलाई स्थापित गर्ने प्रयास भएको भए आज जनता सरकारको पक्षमा उभिन्थ्यो । जनपक्षीय कार्यहरुको विरुद्ध लागेपछि ओलीको र ाजनीतिक प्रतिष्ठामा प्रश्न खडा भएको छ ।

राजतन्त्र जस्तै संविधानभन्दा माथि आफूलाई स्थापित गरी हुकुम प्रमाँङ्गीको भरमा शासन चलाउने महत्वाकाँक्षा पालेको शक्तिशाली भनिने केपी शर्मा ओलीको न केन्द्रीय समितिमा, न स्थायी समितिमा, न सचिवालयमा बहुमत देखिन्छ । कस्तो विडम्बना ! कुनै बैठक बस्न नदिने, बसे आफू उपस्थित नहुने, बैठक बसाए कडा एक्शन लिने आदि स्वेच्छाचारी ढंगले प्रचार गर ी सहकर्मीलाई डराउने, तर्साउने कार्यले सहकर्मीहरुले दिक्क त मानेकै छन्, अन्य राजनीतिक दलहरु पनि ओलीको अवैधानिक क्रियाकलापबाट असन्तुष्ट भएका छन् ।

जनता कोरोनाको शिकार भई मर्दै छन् । लामो समय बेरोजगार भएर मानिस भोकमरीमा मर्दैछन् । कोही परिवार पाल्न नसकेर आत्महत्या गर्दै छन् । समाजमा बलात्कार, हत्या दैनिक रुपमा बढ्दै छन् । अर्थात् जनताको दैनिकी अति पीडादायी अवस्थामा रहेको सत्तापक्षको तानाशाहीले बुझ्ेन, यस्तो अवस्थामा सरकारलाई कर्त्तव्यबोध गराउन प्रतिपक्षको भूमिका पनि निष्क्रिय देखियो । प्रतिपक्षले पनि जनताको आँसु पुछ्न सकेन । देशमा सत्तापक्ष र प्रतिपक्ष दुबैको निष्क्रिय भूमिकाका कारण आन्दोलनको जन्म भएको कुरा भने स्वीकार्न दुबै दल तयार छैन । देशको विभिन्न शहरहरुमा

वांकी ५ पेजमा...


## विराटनगर महानगरपालिकाको सूचना

- ❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- ❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- ❒ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- ❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- ❒ छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- ❒ सडक तथा पेटीकीनारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- ❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- ❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- ❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- ❒ बालश्रम शोषण समाजिक अपराध हो ।
- ❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- ❒ सार्वजनिक स्थलमा जतातती फोहोरमैला नफालौं ।


# आगलागीवाट एकको मृत्यु दुई घाईते ४ लाख बराबरको क्षति

विराटनगर । मोरङको बिराटनगर महानगरपालिका वडा नं. १४ झट्याई बस्ने राजेश तत्माको घरमा आगलागी हुँदा १ जनाको मृत्यु भएको छ भने २ जना घाईते भएका छन् ।

तत्माको बाँसको टाटीको गाह्रो र टिनको छाना भएको एक तले कच्ची घरमा अचानक आगलागी हुँदा राजेश तत्माको १४ बर्षीय छोरा रविन दाश तत्माको जलेर मृत्यु भएको हो ।

उक्त आगलागीमा परी निजको श्रीमती ३२ बर्षीया ईन्दु देवी तत्मा र निजकै छोरा ७ बर्षीय किशन कुमार तत्मा घाइते भएका छन् । घाईतेको दुबै जनाको कोशी अस्पतालमा उपचार भईरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

सो आगलागीमा परी निजको घर भित्र रहेको खाद्यान्न, लत्ता कपडा लगाएत सम्पुर्ण समान जल्दा निजको अन्दाजी ४ लाख बराबरको क्षति भएको र उक्त आगलागी बिराटनगर महानगरपालिकाको दमकल, प्रहरी र स्थानीयवासीको सहयोगमा नियन्त्रणमा आएको ऊक्त कार्यालयले जनाएको छ ।

# झगडा हुंदा एकको मृत्यु

तेह्रथुम । तेह्रथुमको म्याङलुङ नगरपालिका वडा नं. ८ कोबेकमा अंशबण्डाको बिषयमा बादबिबादमा एक जनाको मृत्यु भएको छ ।

घर जग्गाको विषयमा भै-झगडा भई कुटपिट समेत हुँदा १ जनाको मृत्यु भएको छ भने हत्याको आरोपमा १ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ । पक्राउ पर्नेमा स्थानीय ३५ बर्षीय कुमार लिम्बु रहेका छन् ।

शुक्रवार कुमारको बुबा ५५ बर्षीय गणेश लिम्बु र काका किर्तिमान लिम्बु बिच अंशबण्डाको बिषयमा भै-झगडा भईरहेको अवस्थामा कुमार लिम्बुले छुट्याउने क्रममा दुबै जनालाई बाँसको भाटाले हिर्काउँदा निजको बुबा गणेश लिम्बुको घटनास्थलमा नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय तेह्रथुमले जनाएको छ ।

घटनास्थलमा प्रहरी टोली खटि घई घाईतेलाई उपचारको लागी जिल्ला अस्पताल तेह्रथुम पठाएको तथा कुमार लिम्बुलाई नियन्त्रणमा लिई अन्य थप अनुसन्धान भईरेहेको छ ।

# लागु औषध सहित एक पक्राउ

विराटनगर । मोरङको बिराटनगर महानगरपालिका वडा नं. १५ बाट नियन्त्रीत लागुऔषध सहित १ जना पक्राउ परेका छन् ।

लागुऔषध नियन्त्रण ब्युरो बिराटनगरबाट खटिएको प्रहरी टोलीले मोरङको सुन्दरहरैचा नगरपालिकाका वडा नं. १९ बर्षीय रिजन राईलाई लागुऔषध सहित पक्राउ गरेको हो ।

राईको साथबाट प्रहरीले डाईजेलेब ९ एमपुल, ऐभिल ६ ऐम्पुल, लुपेजेसिक १० एम्पुल बरामद गरेको थियो ।

पक्राउ परेका राईको सम्बन्धमा थप अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालय रानीले जनाएको छ ।

# प्रतिवन्धीत औषधी सहित १ पक्राउ

सुनसरी । सुनसरीको भोक्राहा नर्सिङ गाउँपालिका वडा नं. ४ स्थितबाट प्रतिबन्धित लागुऔषध सहित दुई जना पक्राउ परेका छन ।

पक्राउ पर्नेमा भोक्राहा नरसिङ गाउँपालिका वडा नं.३ का ३६ बर्षीय महेन्द्र यादव र कोशी गाँउपालिका वडा नं.२ का ३७ बर्षीय सुरज राम रहेका छन ।

विशेष सुराकका आधारमा जिल्ला प्रहरी कार्यालय सुनसरीबाट खटिएको प्रहरी टोलीले साईकलमा आएका दुबैजनालाई नियन्त्रणमा लिएको थियो ।

नियन्त्रण पश्चात उनिहरु उपर चेकजाँच गर्दा २१ बोतल डाइलेक्स डि.सी. र १ सय ८० नाइट्रोभेट ट्याव्लेट लागुऔषध फेला परी बरामद गरेको हो । पक्राउ परेका दुबैजना उपर जिल्ला प्रहरी कार्यालय सुनसरीबाट थप अनुसन्धान तथा कानूनी कारवाही अगाडी बढाईएको छ ।


## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

केराबारी गाउँपालिका मोरंग प्रदेश नं. १

# नियन्त्रित लागुऔषध ब्राउन सुगर सहित ९ जना पक्राउ



बिराटनगर । उदयपुर र मोरङका बिभिन्न स्थानबाट नियन्त्रित लागुऔषध ब्राउनसुगर सहित ९ जना पक्राउ परेका छन् ।

उदयपुरको त्रियुगा नगरपालिका वडा नं. ११ मा ब्राउसुगरको कारोवार भईरहेको भन्ने बिशेष सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय उदयपुरबाट खटिएको प्रहरी टोलीले स्थानीय २५ बर्षीय जोनसेना भनिने सुमन बस्नेतलाई ०.२० ग्राम लागुऔषध ब्राउनसुगर र नगद ९ हजार ६ सय २० सहित पक्राउ गरेको थियो ।

पक्राउ गरेसंगै सोधपुछ गर्ने क्रममा त्रियुगा नगरपालिका वडा नं. १४ साउने घर भई त्रियुगा नगरपालिका वडा १२ बस्ने २५ बर्षीया पार्वती मगरको समेत संग्लग्नता रहेको खुल्न आएसंगै तत्काल मगरको कोठामा पुगेको प्रहरी टोलीले मगरलाई नियन्त्रणमा लिएको थियो ।

मगर पक्राउ परेसंगै निजको कोठा खानतलासी गर्दा २०.३४ ग्राम ब्राउनसुगर, नगद ५७ हजार ८ सय ब्राउन सुगर सेवन गर्न प्रयोग हुने प्लेट, बिलेट, चुरोट र केही सिक्का पैसा समेत बरामद भएको थियो ।

त्यसैगरी सोही कार्यालयबाट खटिएको प्रहरी टोलीले त्रियुगा नगरपालिका वडा नं. १३ बरुवा खोला किनाराबाट त्रियुगा नगरपालिका वडा नं. ११ का ३२ बर्षीय नसिव राईलाई १६.३७ ग्राम लागुऔषध ब्राउनसुगर सहित पक्राउ गरेको छ ।

बिशेष सूचनाका आधारमा खटिएको प्रहरी टोलीले राईलाई १६.३७ ग्राम लागुऔषध ब्राउनसुगर र नगद ११ हजार २ सय सहित पक्राउ गरेको हो । लागुऔषध ब्राउनसुगर र नगद सहित पक्राउ परेका तिनै जनाको सम्बन्धमा थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।

त्यसैगरी मोरङको कानेपोखरी गाउँपालिका वडा ५ भौसावारीबाट लागुऔषध ब्राउनसुगर सहित ५ जना पक्राउ परेका छन् । उक्त स्थानमा लागुऔषध ब्राउसुगरको कारोवार भईरहेको भन्ने बिशेष सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले ४० ग्राम ब्राउनसुगर सहित ५ जनालाई पक्राउ गरेको थियो ।

पक्राउ पर्नेहरुमा कानेपोखरी गाउँपालिका वडा नं. ५ का १९ बर्षीय मुस्कान धिमाल, १९ बर्षीय बिक्रम मगर, २२ बर्षीय पंचन साह, कानेपोखरी(२ का २४ बर्षीय राजेश धिमाल र लेटाङ(३ का २३ बर्षीय शान्तिराम काफ्ले रहेका छन् ।

त्यसैगरी मोरङको बिराटनगर महानगरपालिका वडा नं. १६ दरैया बस्तिबाट नियन्त्रीत लागुऔषध ट्याब्लेट सहित १ जना पक्राउ परेको छ । ईलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी टोलीले धनकुटा घर भई पथरीशनिश्चरे नगरपालिका वडा नं. ९ बस्ने २५ बर्षीय धन बहादुर रानालाई लागुऔषध नाईट्राभेट ३ सय ट्याब्लेट सहित पक्राउ गरेको हो ।

लागुऔषध सहित पक्राउ परेका उनीहरुको सम्बन्धमा थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

## मोटर साईकल चोरी गर्ने पक्राउ

विराटनगर । मोटर साईकल चारी गर्ने चार जनालाई प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. ४ स्थित नोवेल अस्पतालको परिसरमा पार्किङ गरी राखिएको चुडामणी कार्कीको नाममा रहेको को ३९ प २४४२ नम्बरको मोटरसाईकल चोरी भएको पौष ६ गते रविन्द्र खत्रीले जिल्ला प्रहरी कार्यालय मोरङमा लिखित निवेदन दिएको हुँदा उक्त मोटरसाईकल खोजतालास गर्ने क्रममा सोही दिन जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं.४ स्थित बुढाथोकी मार्गमा ४ जना मानिसहरू डोऱ्याउदै आएका थिए ।

मोटर साईकल डोऱ्याउने जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं.४ बस्ने बर्ष २० को विवेक थन्दार, बर्ष २० को अमन थन्दार, बुढिगंगा गाउँपालिका वडा नं. २ बस्ने बर्ष २० को पुजन थन्दार र जिल्ला सुनसरी दुहवी नगरपालिका वडा नं. १० बस्ने बर्ष २० को नगेन्द्र चौधरीले प्रदेश नं.१-०२-०४२ प ७३४८ नं. २२० सिसिको पल्सर मोटरसाईकल डोयाीउँदै ल्याई रहेको अवस्थामा फेला पारीएको थियो ।

उक्त मोटरसाईकलको नम्बर प्लेट परिवर्तन गरी चोरी गरेको खुल्न आएको हुँदा निजहरू उपर थप अनुसन्धान कार्य भई रहेको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ ।

## भारत पैठारी गर्न लागेका चौपाया पक्राउ



रंगेली । भारत तर्फ चोरी निकासी भई रहेको र क्वारेन्टाईनको सिफारीस समेत नभएको चौपायाहरु प्रहरीले नियन्त्रणमा लिएको छ ।

जिल्ला मोरङ रंगेली नगर पालिका वडा नं. ४ चिसाङ खोला को बगर स्थितमा नेपाल बाट भारततर्फ अबैध रुपमा चोरी निकासी गरी पैदल लाँदै गरेको गाई १६ वटा गाई र ४ वटा गोरु नियन्त्रणमा एिको थियो ।

करीब २ लाख ८० हजार मूल्य पर्ने गाई गोरु भेटनरीवाट क्वारेन्टाईन सिफारीस नलिई भारत तर्फ लादै गरेको गाई गोरु ईलाका प्रहरी कार्यालय रंगेली तथा अप्रचौ बेतौना बाट खटिएको प्रहरी टोली उक्त गाई गोरू नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि मुल भन्सार कार्यालय रानी, विराटनगरमा बभ्ताएको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ ।

## मुलुक...

गरेको छैन । उनी धेरैपटक सभामुख र संविधानसभा अध्यक्ष भइसकेका सुबास नेम्वाङ हुन् र कानुनवेत्ता पनि ।

केपी ओलीको उत्तराधिकारी बन्ने नेम्वाङको आकांक्षा अन्यथा होइन । उनले जानी नजानी अध्यक्ष ओलीको वैध, अवैध निर्णयलाई साथ वा प्रेरणा दिएको प्रस्टै छ । बाहिर बोल्दा शालीन, सन्तुलित देखिने नेम्वाङको कानुनी पृष्ठभूमिसँग प्रधानमन्त्री ओली विश्वस्त पाइन्छन् । सबैले अवैध भने पनि नेम्वाङको कानुनी आडसमेत प्रधानमन्त्रीको 'अवैध' कदमको भरोसा हो तर परिणाम को कहाँ पर्छ अहिल्यै खुल्दैन, पर्खनै पर्छ । आफ्नो आकांक्षा गोप्य राखेर पूरा गर्ने माहिर राजनीतिक खेलाडी रहेछन् सुवास नेम्वाङ । नेकपाको उहापोहका एक पार्श्व तर प्रभावी खेलाडी हुन् यिनी ।

अन्ततः नेकपा आधिकारिकरुपमै टुक्रिनेछ तर परिणाम त्यत्तिमै सीमित रहनेछैन । वर्तमान संविधानको प्रावधान विपरीत उभिएका प्रधान मन्त्री ओलीको कदम चुनावमा पुगेर थन्किने भए उनले यसअघि पाएको मत चुनावको फतिफल नै त थियो । नेकपाका नेताले नै काम गर्न नदिएको कारण संसद् विघटन गरेको भन्ने प्रधानमन्त्री ओलीले सरकारले गरेका काम बखान्न समर्थकलाई उर्दी गर्नु वा आफै फेहरिस्त दिनु स्वयंमा विडम्बनापूर्ण छ ।

लाग्छ, ओली उत्पन्न संकट समाधान गर्न नेपालका अरु राजनीतिक दल समर्थ बन्न सक्दैनन् कि ? यस्तोमा ओलीको लगाम अर्कैको हातमा पुग्नेछ र नेपालको नियति अर्कैले कोर्नेछ । त्यसपछि ओलीको राजनीतिक उपयोगिता पनि खतम हुनेछ । सत्ता दम्भ र असीमित लालसाले स्वयं फसेका प्रधानमन्त्री ओली माध्यम कहाली लाग्दो अनिश्चयको भुमरीमा मुलुक, प्रणाली र जनतालाई फसाइएको छ । बहुकोणीय सम्भावनाहरु सधैँ अनिश्चित नै हुन्छन् र धेरैजसो दुर्घटनाउन्मुख पनि । भुमरीमा संविधान परेको छ, संविधान राष्ट्र, राजनीतिको समग्र विम्ब हो । बारहखरीबाट ।







## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

रतुवामाई नगरपालिका मोरंग प्रदेश नं. १






पूर्वाञ्चलको पहिलो र एक मात्र ट्रमा सेन्टर

MAX INTERNATIONAL HOSPITAL & TRAUMA CENTER (P.) Ltd.

Maximum care for life

Mahendra Chowk, Biratnagar-11, Morang (Nepal), Ph: 021521155/56, 9852027895

# मंसिर महिनाको सर्वोत्कृष्ट प्रहरीमा निरौला घोषित



बिराटनगर । प्रहरी चौकी कुदाककाउले भोजपुरमा कार्यरत प्रहरी सहायक निरीक्षक सुरेश कुमार निरौला मंसिर महिनाको सर्वोत्कृष्ट प्रहरी घोषित भएको छ ।

विभागिय मुल्य मान्यता, आदेश, निर्देशनको पालना गरी व्यवसायिक, लगनशील र कर्तव्यनिष्ठ तवरले कर्तव्यपथमा तल्लीन रही उच्च मनोवल र साहसका साथ आफ्नो कर्तब्य निर्वाह गरी अपराध अनुसन्धानको क्षेत्रमा विशेष योगदान पुऱ्याइए वापत सो सम्मान गरिएको हो ।

साथै निरौलाले उत्कृष्ट कार्यालय व्यवस्थापन, विभिन्न अपराधिक घटनाका फरार प्रतिवादी पक्राउ तथा कानूनी कारवाहीको दायरामा ल्याउन महत्वपूर्ण भुमिका निर्वाह गर्नुका साथै आम नागरिकहरुमा सुरक्षाको अनुभूति हुने गरी नागरिक समक्ष प्रहरीको छवि उच्च बनाउने तर्फ प्रशंसनिय कार्य गरेको थियो ।

इलाका प्रहरी कार्यालय हरैचा मोरङ दरवन्दी भई प्रहरी चौकी कुदाककाउले भोजपुरमा कार्यरत प्रहरी सहायक निरीक्षक निरौलालाई निजले गरेको उत्कृष्ट कार्य सम्पादनको उच्च मुल्याङ्कन गर्दै २०७७ साल मंसिर महिनाको सर्वोत्कृष्ट प्रहरी घोषणा गरिएको हो ।

प्रहरी कर्मचारीहरुको मनोवल उच्च बनाउने तथा सम्पादित कार्यको उचित मूल्याङकन गर्दै १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरले १ नम्बर प्रदेश भरीका प्रहरी कर्मचारीहरु मध्येबाट प्रत्येक महिना सर्वोत्कृष्ट प्रहरी छनौट गर्दै आइरहेको छ ।

सर्वोत्कृष्ट हुने प्रहरी कर्मचारीलाई पुरस्कृत गरी उत्कृष्ट कार्यको बिवरण सहितको फ्लेक्स प्रिण्ट गरेर १ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगरमा निर्माण गरिएको स्तम्भ तथा १ नम्बर प्रदेश अन्तर्गत रहेका इलाका प्रहरी कार्यालय 'क' स्तरसम्मका प्रहरी कार्यालयहरुमा १ महिना सम्म राखिदै आईएको छ ।

# हत्यामा संलग्न २ पक्राउ

सुनसरी, पौष, ८ गते । सुनसरीको कोशी गाउँपालिका वडा ३ का ८० बर्षीय गंगाई दासलाई कुटपिट गरी हत्या गरेको आरोपमा २ जना पक्राउ परेका छन् ।

अबैध कपडा ओसार पसार गर्ने क्रममा स्थानीय ५५ बर्षीय उदिचन्द मुखिया र ६० बर्षीय कृपा मल्लाहले कुटपिट गरेको र सोही कारणले दासको घटनास्थलमा नै मृत्यु भएको भन्ने जानकारी पाए लगत्तै जिल्ला प्रहरी कार्यालय सुनसरीबाट खटिएको प्रहरी टोलीले दासलाई मृत अवस्थामा फेला पारेको थियो ।

घटना सम्बन्धमा अनुसन्धान गर्ने क्रममा मुखिया र मल्लाहको संग्लग्नता रहेको भन्ने जानकारी पाएसंगै दुवै जनालाई नियन्त्रणमा लिई थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

# अबैध हतियार सहित २ पक्राउ

सुनसरी । सुनसरीको कोशी गाऊँपालिका वडा नं. ८ भाण्टावारी बाट अबैध हातहतियार सहित २ जनालाई प्रहरी पक्राउ गरेको छ ।

उक्त स्थानमा हातहतियारको बिक्रिबितरण भईरहेको भन्ने बिशेष सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय सुनसरीबाट खटिएको प्रहरी टोलीले स्थानीय ३५ बर्षीय मो.मुक्तार मिया र २७ बर्षीय सद्दाम मियालाई पक्राउ गरेको हो ।

निजहरुको साथबाट प्रहरीले कट्टुवा पेस्तोल २ थान, सोही पेस्तोलमा प्रयोग हुने ५ राउण्ड गोली, हतियार ओसार पसारमा निजहरुले प्रयोग गरेको २ थान मोटरसाईकल र २ थान मोवायल समेत बरामद गरेको छ ।

हातहतियार सहित पक्राउ परेका दुवैजनाको सम्बन्धमा थप अनुसन्धान भईरहेको तथा मुलुकी अपराध (संहिता) ऐन(२०७४ को हात हतियार खरखजना सम्वन्धी कसुरमा कानुनी प्रकृया अगाढी वढाईएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

# राजनीतिक...

आन्दोलनको स्वरुप हेर्दा त्यहाँ नेकपा, नेपाली काँग्रेस र समाजवादीको जनतामा संगठनै नरहेको दृष्य उजागर भएको छ ।

"राजा आउ देश बचाउ" को नाराबाट गुँजिएको आन्दोलनलाई र ाजनीतिक दलहरुले यसलाई र ाजावादीको आन्दोलन भनेर आरोपित गरेपनि यो आन्दोलन ०६५ सालपछि राजनीतिक दलहरुको भ्रष्ट आचर ण, आदर्शहीन, नैतिकहीन, एजेण्डाविहीन, सत्तामदका निरंकूश चरित्रको नाङ्गो प्रदर्शनका विरुद्ध उठेको आन्दोलन कसको लागि श्राप र कसको लागि बरदान हुने समयले नै सत्यापन गर्नेछ । जनताको सामुन्ने कुनै विकल्प नरहेपछि स्वत: मर्नुभन्दा सडकमै गएर मर्नु बेस भनेर जनता राजनीतिभन्दा बाहिर रहेको पूर्वर ाजालाई गुहार्न बाध्य भएका छन् ।

यही जनताको मत लिएर बादशाह भएका केपी ओलीको लागि त्यहीं जनताको आन्दोलन प्रतिगामी कसरी भयो । निर्लज्जताको शिखर मा बसेका राजनीतिक दलहरुले ऐनामा पहिले आफ्नो अनुहार हेरेर आरोप लगाउँदा ठीक हुन्थ्यो । को बढि निर्लज्ज, जनता कि राजनीतिक दलहरु ? १२ वर्षमा शासकीय निर ंकूताले जनताको निर्विकल्प र ाजनीतिक आस्थालाई धज्जि उडाएका राजनीतिक दलहरुले अहिले जनताको स्वत:स्फुर्त आन्दोलनलाई बदनाम गर्ने कसरतमा लागेका छन् । कर्म अनुसार को फल भोग्न शासकहरु पनि तयार हुनु पर्छ । १०, १२ वर्षमा उठ्ने आन्दोलन नेपाली राजनीतिको स्थायी प्रथा रहेकोले पनि समय पुगेर पुनर ावृत्ति भएको कसरी अनर्गल र प्रतिगामी भयो ।

शक्तिशाली सरकारलाई कसैले हल्लाउन सक्दैन भन्ने दम्भ राख्ने केपी ओली सरकारको अहंकार नै देशलाई अराजक अवस्थामा पुऱ्याएको छ । राजनीतिक दल, राजनीतिकर्मी, बुद्धिजीवी, नागरिक समाज आदि सबै असन्तुष्ट भएका छन् । तर यो सरकारको विकल्प के हुने भन्ने विषयमा कोही प्रष्ट छैन । केपी शर्मा ओली सरकारमा, पार्टीमा, तथा लोकप्रियता दिलाउने राष्ट्रवादी शक्तिमा पनि बदनाम भएका छन् । आफ्ना सहकर्मीको सहयोग तथा जनसमर्थन समेत गुमाएका केपी शर्मा ओली सच्चिने पक्षमा छैन । नेकपाको पार्टीभित्र सत्तापक्ष तथा प्रतिपक्षको खिंचातानीले एकअर्कालाई गलाउने बाहेक अरु केही देखिएको 5g. cflhsf] Joj x/af6 पार्टी विभाजनको संघारमा रहेको देखिए पनि बैठकहरुको म्याद टार्ने तथा निष्कर्षविहीन बनेको बैठकले नेकपाको एकता अक्षुण्ण राखेको प्रष्ट छ ।

विगत ६ वर्षसम्म भारतलाई तथानाम गाली गर्दै ओली जसरी अप्राकृतिक रुपले भारतसँग सम्बन्ध विच्छेद गऱ्यो र पुनश्च: अहिले भारतसँग रहस्यमय ढंगले एकतर्फी रुपमा सम्बन्ध सुधार्ने प्रयासलाई आफ्नै सहकर्मी लगायत राजनीनिक दलहरु तथा राष्ट्रवादी शक्तिले संदेहपूर्ण दृष्टिले हेरेका छन् । आत्मसमर्पणको भावमा सम्बन्ध सुधार्ने प्रक्रिया त्रुटिपूर्ण छ भनेर आफ्नै सहकर्मीहरुले आरोप लगाएका छन् । रअ चिफको नेपाल भ्रमण हुँदा ओली एक्लै गोप्य बैठक गरेका कारण र त्यसपछि ओलीको अवैधानिक तथा निरंकूश व्यवहार बाट ओली निर्देशित रहेको शंका सहकर्मीहरुमा गहिरिएको छ ।

रअसँग केपी शर्मा ओलीको पुरानो गहिरो सम्बन्ध रहेकोले सहकर्मी त सशंकित छन् नै, चीन पनि सशंकित भएको छ । कुनै बेला ओलीका लागि गाडफादर को रुपमा रहेको रअ आफ्नै अग्रसर तामा ओलीसंग सम्बन्ध सुधार्ने प्रक्रिया अगाडि बढाएकोले चीन सशंकित हुनु स्वाभाविक हो । नेपाल-भारत वार्ता घनीभूत रुपमा अगाडि बढेको छ । ओली पनि नयाँ यात्रामा निस्केको हो कि भन्ने सबैले शंका गरेका छन् । शंका गर्नु पनि अस्वाभाविक होइन । र ाजनीतिक धरातलमा व्यापक असन्तुष्टता छ ।

आफ्नो पार्टी र प्रतिपक्ष कोही ओलीको क्रियाकलापबाट सन्तुष्ट छैन । जनता पनि त्राहिमामको अवस्थामा सडकमा निस्केका छन् । तर पनि ओली सन्तुष्ट भई बाँसुरी बजाएर रमाइरहेको अवस्थाले चौतर्फी आशंका बढ्नु स्वाभाविक हो । संघीयता र गणतन्त्रको विरोधमा रहेको ओली अहिले त्यसैको शहंशाह भएर बसेको छ । स्वर्ग र नर्क दुबै ठाउँमा अव्वल पदमा बस्ने चाहना राखेका ओली वैकल्पिक सरकार मा पनि आफ्नो सुरक्षित गर्ने खेलमा त लागेका छैनन् ? भन्ने आशंका चारैतिर व्याप्त छ । (मधेश दर्पण फिचर सेवा)




# जुवा खेलीरहेका १३ पक्राउ

उदयपुर । उदयपुर उदयपुर गढि वडा नं. ६ स्थित एक घरमा जुवा खेलिरहेको अवस्थामा १३ जना जुवाडेहरुलाई प्रहरीले पक्राउ परेका छन ।

पक्राउ पर्नेमा उदयपुरगढि वडा नं. ५ का ३१ बर्षीय सुशिल कुमार गुरागाई, ३२ बर्षीय मनोज थापा, उदयपुरगढि वडा नं. ६ का २८ बर्षीय सुरज कुमार मगर, ३० बर्षीय जिवन गिरी, ३० बर्षीय धर्मनाथ दाहाल, ३१ बर्षीय दुर्गारमण दाहाल, ३२ बर्षीय युवराज कार्की, ३३ बर्षीय यादव खत्री र ४० बर्षीय शरद खत्री रहेका छन ।

त्यसै गरी रौतामाई वडा नं. ७ का ४३ बर्षीय प्रकाश दाहाल छन भने उदयपुरगढि वडा नं. ८ का २७ बर्षीय सुदिप खत्री, ४० बर्षीय श्याम खत्री र ४२ बर्षीय बिदुर खत्री रहेका छन ।

घरमा जुवा खेलिरहेको भन्ने विशेष सुराकका आधारमा जिल्ला प्रहरी कार्यालय उदयपुरबाट खटिएको प्रहरी टोलीले उनिहरुलाई नियन्त्रणमा लिएको थियो ।

साथै प्रहरीले जुवाको खालबाट नगद ५८ हजार ८ सय ५ रुपैया, १६ थान कौडा, १२ थान मोबाईल र ८ थान मोटरसाईकल समेत बरामद गरेको छ ।

त्यसरी जुवा खेलिरहेको अवस्थामा पक्राउ परेका सबै जना उपर कानुनी कारबाही अगाडी बढाईएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।

# वन्चरो प्रहार गरी श्रीमतिको हत्या

पाँचथर, पौष ९ गते । पाँचथरको हिलिहाङ गाउँपालिका वडा नं. ५ लुम्फाबुङमा श्रीमानले बन्चरो प्रहार गरी श्रीमतीको हत्या गरेको छ ।

३२ बर्षीय धन बहादुर उभरकोटीले बन्चरो प्रहार गरी आफ्नै श्रीमती ३० बर्षीया दुर्गा उभरकोटीको हत्या गरेको भन्ने जानकारी पाए लगत्तै जिल्ला प्रहरी कार्यालय पाँचथरबाट प्रहरी टोली खटि गई अनुसन्धान तथा घटनामा संलग्न रहेका मृतकका श्रीमानको खोजतलास भईरहेको जिल्ला प्रहरी कार्यालय पाँचथरले जनाएको छ ।

# हत्याको आरोपमा दुई जना पक्राउ





झापा । झापाको मेचीनगर नगरपालिका वडा नं. ९ का ४७ बर्षीय बुधलाल किसान र २८ बर्षीय भयङकर भनिने भुखन किसान, ब्यक्ति हत्याको आरोपमा पक्राउ परेका छन् ।

पौष ३ गते आफ्नै घर अगाडी मृत फेला परेका स्थानीय ४२ बर्षीय पुलिस भनिने पर्शुराम गौतमको हत्या भएको आशंकामा अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय झापाको प्रहरी टोलीले गौतमको हत्याको आरोपमा दुई जनालाई पक्राउ गरेको हो ।

मृत फेला परेका गौतमको शरिरमा बिभिन्न निल डाम तथा चोटपटक रहेको देखि गम्भिर रुपमा अनुसन्धान थालेको प्रहरी टोलीले घटनामा संग्लग्न रहेका उनीहरुलाई पक्राउ गर्न सफल भएको हो भने पक्राउ परेका दुबै जनाले घटनामा आफ्नो संग्लग्नता रहेको साबिती दिई सकेको छ ।

निजहरुको सम्बन्धमा थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ घटना घटाउन प्रयोग गरेको फलामको रिम र घटना भएको समयमा उनीहरुले लगाएका कपडा समेत बरामद गरेको उक्त कार्यालयले जनाएको छ ।

## कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

सुनबर्सी नगरपालिका मोरंग प्रदेश नं. १